

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्र्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ५३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ फागुन २४ गते बुधबार ❑ 8 March 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## शान्ति सम्झौता विपरीतका गतिविधिको प्रतिवाद गर्ने माओवादी धारका पार्टीको निर्णय

**रासस**
काठमाडौं, २३ फागुन

माओवादी धारका विभिन्न पार्टी तथा समूहको बैठकले विस्तृत शान्ति सम्झौताको मर्म र भावना विपरीत हुने कुनै पनि गतिविधिको विरोध र प्रतिवाद गर्ने भएका छन् ।

पछिल्ला दिनमा शान्ति सम्झौता विपरीतका गतिविधि सतहमा देखिन थालेको ठहर गर्दै जनयुद्धकालीन माओवादीका शीर्ष नेताको आज प्रधानमन्त्री निवास बालुवाटारमा बसेको बैठकले एकमतका साथ अगाडि बढ्ने निर्णय गरेका छन्। "सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित सबै विषय सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमार्फत अगाडि बढाउनुपर्छ भन्नेमा एकमत छौँ । शान्ति प्रक्रियाका बाँकी काम शीघ्र रूपमा कार्यान्वयन गर्न ध्यानाकर्षण गराइएको छ", बैठकपछि जारी संयुक्त विज्ञप्तिमा उल्लेख छ । यस्तै, विभिन्न समयमा राज्यसँग भएका सम्झौता कार्यान्वयन गर्न प्रतिबद्ध रहेको विज्ञप्तिमा उल्लेख छ ।

शान्ति सम्झौता अनुसार गठन भएको सत्य निरुपण तथा बेपत्ता नागरिक छानबिन आयोगको कामलाई प्रभावकारी बनाएर लैजाने विषयमा समेत बैठकमा महत्वपूर्ण छलफल भएको बताइएको छ । "सङ्क्रमणकालीन न्यायको प्रक्रिया विपरीतका काम कारबाहीले शान्ति सम्झौताको कार्यान्वयनमा सहयोग पुऱ्याउँदैन भन्ने कुरामा हामी स्पष्ट छौँ", विज्ञप्तिमा भनिएको छ, "शान्ति प्रक्रियाका बाँकी काम टुङ्गो लगाउन आवश्यक कानुनी एवम् संस्थागत व्यवस्थाका लागि तत्काल पहल गर्न सरकारसँग माग गर्दछौ ।" शान्ति सम्झौता र परिवर्तन विरुद्ध हुने कुनै पनि गतिविधिको प्रतिवाद गर्न आफूहरू एकमत रहेको बैठकले ठहर गरेको छ ।

यसरी साझा धारणा राख्नेमा प्रधानमन्त्री एवम् नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेपाल समाजवादी पार्टीका डा बाबुराम भट्टराई, नेकपा( क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य सिपी गजुरेल, नेकपाका प्रवक्ता खड्गबहादुर विश्वकर्मा, नेकपा( बहुमत)का संयोजक धर्मेन्द्र बाँस्तोला, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीका महासचिव विश्वभक्त दुलाल, नेकपा( माओवादी समाजवादी)का अध्यक्ष कर्णजीत बुढाथोकी र माओवादी कम्युनिस्ट पार्टी नेपालका केन्द्रीय सदस्य नारायणप्रसाद धिमाल हुनुहुन्छ ।

## आठ दलीय बैठकमा राष्ट्रपति निर्वाचन तयारीबारे छलफल

**रासस**
काठमाडौं, २३ फागुन

आठ दलीय गठबन्धनको मंगलबारको बैठकले आसन्न राष्ट्रपति पदको निर्वाचनबारे छलफल गरेको छ । नेपाली कांग्रेस संसदीय दलको कार्यालय, सिंहदरबारमा बैठकमा निर्वाचनको तयारीलगायत समसामयिक राजनीतिक विषयमा छलफल भएको हो ।

बैठकमा यही फागुन २५ गते हुने राष्ट्रपतिको निर्वाचन परिचालनसँग जोडिएका विषयमा छलफल भएको कांग्रेस उपसभापति एवं कार्यदल संयोजक पूर्णबहादुर खड्काले जानकारी दिनुभयो । बैठकमा निर्वाचनमा राजनीतिक दलले गर्नुपर्ने प्राविधिक तयारीलगायत विषयमा समेत छलफल भएको उहाँको भनाइ छ ।

आठ दलले निर्वाचनको तयारीका लागि आफ्ना प्रतिनिधिसभा र राष्ट्रियसभाका सांसद तथा सबै प्रदेशसभा सदस्यलाई भोलि फागुन २४ गते बिहान ११ बजेसम्म काठमाडौँ आइपुग्न आग्रह गर्ने निर्णय गरेको छ । साथै बैठकमा दलहरूले आफ्ना सांसदलाई मत बदर नहोस् भन्नका लागि मत हाल्न सिकाउने, शतप्रतिशत मत खसाल्नका लागि प्रयास गर्नेलगायत विषयमा छलफल भएको थियो ।

आठ दलीय गठबन्धनले आफ्ना साझा उम्मेदवार पूर्व सभामुख रामचन्द्र पौडेललाई विजयी गराउन यसअघि केन्द्र र सबै प्रदेशमा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिसकेको छ । कांग्रेस उपसभापति खड्का संयोजकत्वको कार्यदलमा नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी नेपाल, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, नागरिक उन्मुक्ति पार्टी, जनमत पार्टी, राष्ट्रिय जनमोर्चाका नेताहरू हुनुहुन्छ ।

## सङ्क्रमणकालीन न्यायलाई टुङ्ग्याउन आयोगको आग्रह

**रासस**
काठमाडौं, २३ फागुन

राष्ट्रिय मानवअधिकार आयोगले सङ्क्रमणकालीन न्यायलाई छिटो निष्कर्षमा पुऱ्याउन सरकार र सम्बद्ध सबै पक्षलाई आग्रह गरेको छ ।

सङ्क्रमणकालीन न्यायसम्बन्धमा सर्वोच्च अदालतको आदेश, आयोगले विगतमा दिएका सुझाव र अन्तर ाष्ट्रिय मान्यताबमोजिम हुने गरी सङ्क्रमणकालीन न्यायसम्बन्धी ऐन संशोधन गर्न र यथाशीघ्र आयोग गठन गरी यस विषयलाई छिटो टुङ्गोमा पुऱ्याउन आयोगले आग्रह गरेको हो ।

आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले मंगलबार जारी गरेको प्रेस विज्ञप्तिमा सङ्क्रमणकालीन न्यायको विषयमा विगत केही दिनदेखि विभिन्न कोणबाट बहस भइरहेका र यथाशीर्घ निष्कर्षमा पुऱ्याउन सरकारसँग माग गरिएको छ । विसं २०६३ मङ्सिर ५ गते राज्य पक्ष र तत्कालीन सशस्त्र विद्रोही पक्षबीच भएको विस्तृत शान्ति सम्झौतामा सङ्क्रमणकालीन न्यायका माध्यमबाट द्वन्द्वपीडितलाई न्याय प्रदान गर्ने भनिए पनि १६ वर्ष पूरा भइसक्दासमेत सङ्क्रमणकालीन न्यायका कतिपय विषय टुङ्गोमा नपुग्नु चिन्ताको विषय बनेको आयोगले जनाएको छ ।

विज्ञप्तिमा भनिएको छ, "यसै सन्दर्भमा केही द्वन्द्वपीडित न्यायको मागसहित सर्वोच्च अदालतमा निवेदन दर्ता गर्न गएको विषयमाथि केही राजनीतिक दलहरुले प्रश्न उठाउनुले द्वन्द्वपीडितको न्याय खोज्ने हकमा अवाञ्छित प्रभाव पर्नसक्ने देखिन्छ ।"

सङ्क्रमणकालीन न्यायको छुट्टै विधि र प्रक्रिया भए पनि मानवअधिकार उल्लङ्घनका घटनामा न्याय प्राप्तिका लागि न्यायिक निकायमा प्रवेश गर्न पाउने पीडितको हकलाई सङ्कुचित गर्नु न्यायोचित नहुने आयोगको ठहर छ ।

## महिला र पुरुषबीचको विभेद अन्त्य हुनुपर्छ : प्रदेश प्रमुख गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा, २३ फागुन

गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङले महिला र पुरुषबीचको विभेद अन्त्य हुनुपर्नेमा जोड दिनुभएको छ ।

अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा शुभकामना सन्देश व्यक्त गर्दै उहाँले 'लैङ्गिक समानताको बलियो आधार : सिर्जनात्मक प्रविधिमा महिला पहुँचको बिस्तार' भन्ने राष्ट्रिय लक्ष्यलाई साकार पार्न महिला र पुरुषका बीचमा विद्यमान आर्थिक, सामाजिक तथा सांस्कृतिक विभेद हटाउनेतर्फ व्यक्ति, परिवार, समाज, सङ्घ संस्था तथा राज्यका सबै निकाय अग्रसर हुनुपर्ने बताउनुभयो ।

लैङ्गिक समानता प्राप्तिको अभियानमा जनसङ्ख्याको आधा हिस्सा ओगट्ने पुरुषको सक्रिय सहयोग र सहभागिता पनि उत्तिकै जरुरी रहेको उहाँको भनाइ छ । विश्व महिला आन्दोलनले हालसम्म प्राप्त गरेका उपलब्धिलाई संस्थागत गर्दै लैङ्गिक समानता हासिल गर्ने उद्देश्यसहित हरेक वर्ष ८ मार्चलाई अन्तर्राष्ट्रिय महिला दिवसका रूपमा मनाइने गरिएको सन्देशमा उल्लेख छ ।

नेपालको संविधानले लैङ्गिक समानताको प्रत्याभूति गर्नका निम्ति महत्त्वपूर्ण प्रावधानको व्यवस्था गरेको भन्दै सन्देशमा यसबाट महिलाप्रति हुने हिंसा र विभेदलाई हटाउन ठूलो मद्दत पुगेको भनिएको छ । संविधानले व्यवस्था गरेअनुसार राजनीतिक तथा हरेक सार्वजनिक निकायमा महिलाको समानुपातिक सहभागिता प्राप्तिका लागि कार्यान्वयन तहमा थप प्रयत्नको खाँचो महसुस गरेको प्रदेश प्रमुख गुरुङले उल्लेख गर्नुभएको छ ।

पछिल्लो समयमा लैङ्गिक समानताका विभिन्न सूचकमा नेपालले प्रगति गर्दै आएको देखिएकाले यसका प्रयास परिणाममुखी चरणमा रहेको भन्दै उहाँले यसबाट नेपाली महिलाको प्रतिष्ठा अभिवृद्धि हुँदै गएको आफूलाई लागेको बताउनुभयो ।

## बजाज पल्सर स्पोर्ट्स अवार्ड–२०७८ अरुणा र अञ्जनलाई

**पोखरापत्र संवाददाता**
पोखरा, २३ फागुन

भलिबलकी अरुणा शाही र फुटबलका अञ्जन बिष्ट एनएसजेएफ बजाज पल्सर स्पोर्ट्स अवार्ड २०७८ को वर्ष खेलाडी घोषित भएका छन् ।



नेपाल खेलकुद पत्रकार मञ्च(एनएसजेएफ)ले मंगलबार आयोजना गरेको कार्यक्रममा अञ्जन पुरुषमा र अरुणा महिला स्पर्धामा वर्ष खेलाडी घोषित भए। पुरुषतर्फका विजेता अञ्जनले क्रिकेटका दीपेन्द्रसिंह ऐरी र कुशल भुर्तेल, ब्याडमिन्टनका प्रिन्स दाहाल तथा फुटबलका किरणकुमार चेम्जोङलाई पछाडि पारे। अञ्जनले साफ च्याम्पियनसिपमा नेपाललाई पहिलोपटक फाइनलमा पुऱ्याउन मद्दत गरेका थिए । वर्ष महिला खेलाडी घोषित भलिबलकी अरुणाले क्रिकेटका सीता रानामगर र रुविना क्षेत्री, एथ्लेटिक्सकी पुष्पा भण्डारी र बक्सिङ पुनम रावललाई पछि पारिन् । अरुणाकै कप्तानी नेपालले बंगलादेश सम्पन्न एसियन सेन्ट्रल जोन महिला भलिबल च्याम्पियनसिपको उपाधि रक्षा गरेको थियो ।

पुरुष र महिलामा अवार्ड विजेताले बजार पल्सर मोटरसाइल प्राप्त गरे । भलिबलकै उषा भण्डारीले पिपुल्स च्वाइस अवार्ड जितिन् । ईसेवाको भोटिङ, मञ्चका सदस्यको मत, फेसबुक लाइक र प्रमुख प्रशिक्षकको मतका आधारमा उषा विजेता भएकी हुन् । सर्वाधिक ३८ प्रतिसत मत प्राप्त गर्दै विजेता भएकी उषाले बजाज पल्सर मोटरसाइकल प्राप्त गरिन् । यो अवार्डको मनोनयनमा क्रिकेटका आसिफ सेख, फुटबलका अञ्जन विष्ट, टेनिसकी अभिलाषा विष्ट र पौडीकी डुवाना लामा थिए । वर्ष उत्कृष्ट प्रशिक्षक भने फुटबलका अब्दुल्लाह अलमुताइरी घोषित भए । यो अवार्ड विजेताले पनि पल्सर मोटरसाइकल पाए । उनको प्रशिक्षणमा नेपाल माल्दिभ्समा सम्पन्न १३औं साफ च्याम्पियसिपको फाइनलमा पुगेको थियो । अब्दुल्लाहले पारा तेक्वान्दोका कविराज नेगी लामा, बक्सिङका दीपक महर्जन, क्रिकेटका डेभ ह्वाटमोर र भलिबलका जगदीश भट्टलाई पछि पारे । फुटबलका मनीष डाँगी युवा वर्ष खेलाडी घोषित भए । उनले फुटबलकै प्रीति राई, ब्याटमिन्टनकी रसिला महर्जन, बक्सिङका छिरिङ वाङ्दी शेर्पा, भलिबलकी उषा भण्डारीलाई पछि पार्दै यो अवार्ड जिते ।

मनीषले अन्तर्राष्ट्रिय फुटबल पदार्पणमा एसियाली फुटबलको हेभिवेट राष्ट्र इराकविरुद्ध दर्शनीय गोल गरेका थिए । साथै साफ फुटबल च्याम्पियनसिपको उद्घाटन खेलमा आयोजक माल्दिभ्सविरुद्ध निर्णायक गोल गरेका मनीषले सोही वर्ष मच्छिन्द्र क्लबलाई लिग च्याम्पियन बनाउन महत्त्वपूर्ण भूमिका खेलेका थिए । यससँगै मनीषले पनि बजाज पल्सर मोटरसाइकल प्राप्त गरे । पारा तेक्वान्दोकी खेलाडी पलेशा गोवर्धन पारा एथ्लिट अवार्डबाट सम्मानित भइन् । उनले ट्रफीसँगै ५० हजार नगद पुरस्कार पाइन् । पलेशाले जापानमा सम्पन्न पारालम्पिकमा कास्य पदक प्रतिस्पर्धासम्मको यात्रा तय गरेकी थिइन् । सोही वर्ष नै पलेशाले बहराइनमा सम्पन्न एसियन युथ पारा गेम्समा एक स्वर्ण जितेकी थिइन् । अन्तर्राष्ट्रिय एसियन खेल पत्रकार अवार्ड कतारका मोहम्मद हेजीले प्राप्त गरेका छन् । एथ्लेटिक्सका प्रशिक्षक रघुराज वन्तले लाइफटाइट एचिभमेन्ट अवार्ड जिते ।

साथै उनले पनि ५० हजार रुपैयाँ पुरस्कार पाए । स्पेसल अवार्डबाट ब्याडमिन्टनका दानबहादुर तामाङ र मायादेवि मोक्तान सम्मानित भए । आफ्ना तीन सन्तानलाई ब्याडमिन्टनका राष्ट्रिय च्याम्पियन बनाउन सफल तामाङ दम्पतीले विशेष अवार्डका साथै ५० हजार रुपैयाँ पाए। तामाङ दम्पती राष्ट्रिय च्याम्पियनत्रय सरादेवि, नङ्सल र रत्नजित तामाङका बुबाआमा हुन् ।

२०७७ सालमा नेपाली खेलकुद क्षेत्रको माध्यमबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा योगदान पुऱ्याउने खेलाडी तथा खेलव्यक्तित्वलाई अवार्डबाट पुरस्कृत गरिएको हो । १९औं संस्करणको पल्सर अवार्डको मुख्य प्रायोजक हंशराज हुलासचन्द एन्ड कम्पनी प्रालि रहेको छ । सहप्रायोजकहरूमा सूर्य नेपाल प्राली, ईसेवा, रोयल सिंगी होटल, एडिडास, इमेजिङ, प्लाजा होटल ग्रुप, सुबिसु र न्यु होराइजन कार्पेट इन्डस्ट्री छन् । सहयोगी संस्थामा राष्ट्रिय खेलकुद परिषद्, नेपाल ओलम्पिक कमिटी र बाग्मती प्रदेश खेलकुद विकास परिषद् छन् ।

## महिला दिवसमा पोखरा महागनरले ¥याली र गृहणी हाजिर जवाफ प्रतियोगिता गरेर मनाउने

**पोखरापत्र संवाददाता**
पोखरा, २३ फागुन

पोखरा महानगरपालिकाले ११३ औं अन्तराष्टिय महिला दिवसको अवसरमा "लैंगिक समानताको बलियो आधारः सिर्जनात्मक प्रविधिमा महिला पहुँचको विस्तार"भन्ने मुल

बाँकी अन्तिम पृष्ठमा ▶▶





पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. –५२०६५१

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशालाई जन्माउँछ ।
- विदुरनीति

## सम्पादकीय

# अन्तर्राष्ट्रिय महिला दिवस

'समान हिस्सेदारी आत्मसात' भन्ने नाराका साथ ११२औँ अन्तर्राष्ट्रिय महिला दिवस विश्वका महिलाले एकैसाथ मनाउँदै छन् । अन्तर्राष्ट्रिय महिला दिवस भन्दा उत्पीडित महिलाको आवाज बुलन्द पार्ने अवसर हो । श्रमिक महिलाहरुले समान कामको समान ज्यालाको माग गर्दै आन्दोलन सुरु भएको हो । समान ज्याला सहित, शिक्षा, स्वास्थ्य र राजनैतिक अधिकारको माग गर्दै ८ मार्च १९०७ मा प्रथम समाजवादी महिलाहरुको अन्तर ष्ट्रिय सम्मेलन भएको दिनलाई महिलाहरुले विशेष पर्वको रुपमा मनाउँने गर्दछन् । ८ मार्चलाई विश्वभर प्रत्येक वर्ष अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको रुपमा मनाउने गरिएको छ ।

सो सम्मेलनको नेतृत्व समाजवादी महिला नेतृ क्लारा जेटकिनले गरेकी थिइन् । सन् १९११ मा अमेरिका १९१७ मा विघठित सोभियत संघ (रुस) र १९२८ मा अष्ट्रेलियामा विश्व महिला सम्मेलनहरु भए जसमा संसारभरका महिलाहरुले हक, अधिकार र लिंगभेद विरुद्ध आवाज उठाएका थिए । विश्वमा भएका महिला सम्मेलनबाट निस्किएको उपलब्धिका रुपमा संयुक्त राष्ट्रसंघले सन् १९७५ मार्च ८ लाई अन्तर्राष्ट्रिय महिला दिवस भनि घोषणा समेत गर्यो । नेपालले पनि त्यसै बर्षदेखि अन्तर्राष्ट्रिय नारी (महिला) वर्षको रुपमा र्याली सभा गोष्ठी जस्ता औपचारिक कार्यक्रमहरु गर्दै आएको छ ।

अधिकार प्राप्तिको आन्दोलनबाट सुरु भएको अन्तराष्ट्रिय श्रमिक महिला दिवस अहिले समानता र आर्थिक, सामाजिक, राजनीतक तथा सांस्कृतिक विकासका लागि आवाज उठाउने गरिन्छ । वर्गिय, जातिय, क्षेत्रीय, भाषिक, धार्मिक, लौगिक एवं सबै प्रकारका शोषण, उत्पीडन र विभेदको अन्त्य गर्न आवाज उठाउने दिन हो । आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागीताको सिद्धान्तको आधारमा समतामूलक समाजको निर्माण गर्न संकल्प गर्ने दिन पनि हो । महिला दिवसमा हुने कार्यक्रमहरु महिलाका मात्र हुन् भन्ने सोचबाट पुरुषहरु मुक्त हुनुपर्ने दिन पनि हो । महिला विरुद्ध हुने सबै प्रकारका हिंसा विरुद्धको अभिसन्धीमा नेपाल लगायत १८९ सन्धिका पक्ष राष्ट्र भएका छन् । नेपालले अनुमोदन गरेको २६ वर्ष भन्दा बढी भइसक्यो तर महिलामाथि हुने हिंसा भने कम भएको छैन । महिला हिंसा अन्त्य गर्न भएका कानुनको प्रभावकारी कार्यान्वयन नहुँदा अहिलेपनि न्यायको लागि आवाज उठाउन बाध्य हुनु परेको छ ।

संविधानले महिलाको अधिकारलाई सुनिश्चित गरेको छ । संविधानको धारा ३८ मा महिलाको हकको व्यवस्था गरेको छ । प्रत्येक महिलालाई भेदभाव विना वंशीय हक हुने छ भन्ने महिला अधिकारका लागि लड्दै आएका दलहरुको कारणले सम्भव भएको हो । दलहरुले मौका पाउँदा महिलालाई प्राथमिकतामा नराखेका धैरै उदहरणहरु छन् । 'सुरक्षित प्रजनन सम्बन्धी हक, शारीरिक, मानिसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसा जन्य कार्य वा शोषण गरिने छैन ।' महिलाका लागि समानताको बाटोमा हिडन प्रेरीत गर्ने काम संविधानले गरेको छ । 'शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्रदान गर्ने हक र सम्पति तथा पारिवारिक मामिलामा दम्पतिको समान हक' भन्ने व्यवस्थाले महिलाको पक्षमा संविधानले दिएको अधिकार अब कानुनी रुपमा र व्यवाहारिक रुपमा ल्याउनु पर्दछ ।

राष्ट्रियसभा, प्रतिनिधीसभा सहितको संघीय संसदमा एक तिहाई महिला पुगेका छन् । प्रदेशसभामा पनि एक तिहाई महिलाको प्रतिनिधित्व छ । स्थानीय तहमा ४० प्रतिशत महिलाको सहभागिता छ । आधारभूत तहदेखि संघीय संसदमा महिलाको एक तिहाई प्रतिनिधित्व हुनु अन्य देशका लागि पनि उदाहरण हो । दलहरुले कार्यकारी पदमा महिलालाई पुरयाउन अनिच्छा देखाउने, पार्टीका सबै तहमा महिलाको प्रतिनिधित्व हुन नसक्नुले भनाई र गराईमा तालमेल मिल्न सकेको छैन् । संविधानले महिला अधिकार र विभेद अन्त्यको व्यवस्था गरे पनि व्यवहारमा महिला विरुद्ध हुने विभिन्न खाले हिंसाका घटनामा कमी आउन सकेको छैन । महिला बिरुद्धका हिंसाका घटनामा राज्यले संवेदनशील बन्न नसकेका घटना सार्वजनिक भएका छन् । संविधानमा भएका व्यवस्था कार्यान्वयनको लागी सबै क्षेत्रबाट सशक्त आवाज उठाउनु आवश्यक छ । सुखी नेपाली र समृद्ध नेपालको संकल्प पुरा गर्न महिला माथिको विभेद अन्त्य हुनुपर्छ । अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा विश्वभरीका महिलाहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

# विपन्नलाई छात्रवृत्ति

पोखरापत्र संवाददाता
दमौली, २३ फागुन

तनहुँको भानु नगरपालिकाले चालु आर्थिक वर्ष २०७९/८० मा प्राविधिक शिक्षा अध्ययन गर्ने २४ विपन्न विद्यार्थीलाई छात्रवृत्ति वितरण गर्ने भएको छ । नगरपालिकाभित्र सञ्चालित प्राविधिक शिक्षालयमा तीन वर्षे प्राविधिक शिक्षा अध्ययन गर्ने गरिब तथा जेहेन्दार विद्यार्थीलाई यस्तो छात्रवृत्ति उपलब्ध गराइने छ ।

नगरपालिकाका शिक्षा शाखा प्रमुख ध्रुवराज पौडेलले हरेक वडाका दुई/दुई विद्यार्थीलाई छात्रवृत्ति रकम उपलब्ध गराउने जानकारी दिनुभयो । "प्राविधिक शिक्षाको माध्यमबाट दक्ष जनशक्ति बनेर स्वरोजगार एवं आत्मनिर्भर बन्न सकुन् भनेर प्रोत्साहन स्वरुप छात्रवृत्ति वितरण गर्ने नीति ल्याइएको हो", उहाँले भन्नुभयो । नगरपालिकाले प्राविधिक शिक्षा छात्रवृत्ति वितरण कार्यविधि २०७९ जारी गरिसकेको छ । कार्यविधि बमोजिम तीनवर्षे प्राविधिक कोर्स अध्ययन गर्ने विद्यार्थीका लागि प्रतिवर्ष रु ५० हजारका दरले तीन वर्षमा रु एक लाख ५० हजार प्रदान गरिनेछ । छात्रवृत्ति प्राप्त गर्नका लागि चालु आवमा २४ विद्यार्थी छनोट भएका छन् । भानु नगरपालिका–२ नारेश्वरटारस्थित होमराज लोहनी शारदा शिक्षा सदन माविमा डिप्लोमा इन सिभिल इञ्जिनियरिङ अध्ययनरत उज्ज्वल पौडेल, ईश्वरी थापा, कमला तिमिल्सिना, कृषा तामाङ, रोजिना नेपाली, आशिष राना मगर, नरेश बोटे, अनिल कँडेल, विशाल कुमाल, विकास अधिकारी, सन्तोष तिवारी, आयुष गुरुङ, अभिषेक नेपाली, रोशनी तामाङ र सन्दिप शाहीलाई छात्रवृत्ति प्रदान गरिनेछ ।

भानु –११ मानेचौकास्थित त्रिभुवन माध्यमिक विद्यालयमा डिप्लोमा इन एग्रिकल्चर (बाली विज्ञान र पशु विज्ञान) अध्ययनरत वर्षा कुंवर, कुशल अधिकारी, अस्मिता अधिकारी, सुशान परियार, मुस्कान देवकोटा, आशिका गुरुङ, सन्देश थापा, भूमिका सुनार र श्रीजल पण्डितलाई छात्रवृत्ति प्रदान गरिने नगरपालिकाले जनाएको छ ।

प्राविधिक शिक्षा आजको आवश्यकता भएकाले विपन्न विद्यार्थीको पठनपाठनमा सहयोग पुऱ्याउन उक्त निर्णय गरिएको नगरप्रमुख आनन्दराज त्रिपाठीले जानकारी दिनुभयो । "शिक्षालाई रोजगारसँग जोड्न प्राविधिक शिक्षा अध्ययन गरिरहेका विपन्न, जेहेन्दार विद्यार्थीलाई वार्षिक रुपमा छात्रवृत्ति रकम उपलब्ध गराउँछौँ", उहाँले भन्नुभयो, "यसले प्राविधिक शिक्षातर्फ विद्यार्थीको आकर्षण बढाउन सकिन्छ ।" प्रत्येक वडा समितिले एक जना छात्र र एक जना छात्रालाई छात्रवृत्तिका लागि सिफारिस गर्ने प्रावधान राखिएको छ ।

# रुप्से खोलामा 'बेलिब्रिज'

पोखरापत्र संवाददाता
म्याग्दी, २३ फागुन

बेनी–जोमसोम–कोरला सडकअन्तर्गत म्याग्दीको अन्नपूर्ण गाउँपालिका–३ स्थित रुप्से खोलामा 'बेलिब्रिज' जडान गरिने भएको छ ।

बेनी–जोमसोम–कोरला सडक आयोजनामार्फत रुप्से खोलामा ४८ मिटर लामो बेलिब्रिज जडान सुरु भएको हो । आयोजनाका इञ्जिनियर विष्णु चापागाईंले रुप्से खोलामा पक्की पुल निर्माण नहुँदासम्मका लागि सवारीसाधन आवातजावत सहज बनाउन बेलिब्रिज राख्न लागिएको बताउनुभयो । "ठेक्का सम्झौता गरेका निर्माण कम्पनीले बेलिब्रिज राख्न पूर्वाधार निर्माण सुरु गरेका छन्", उहाँले भन्नुभयो, "एक वर्षभत्रमा बेलिब्रिज निर्माण सम्पन्न गर्ने लक्ष्य छ ।" बेलिब्रिज जडान गर्न मुक्तिनाथ निर्माण सेवाले रु तीन करोड ५६ लाखमा यसै महिना ठेक्का सम्झौता गरेका छन् । सो कम्पनीका सञ्चालक ओम गौचनले सम्झौता लगत्तै बेलिब्रिजको फाउण्डेशन र पर्खाल निर्माणको काम थालेको बताउनुभयो । कम्पनीमार्फत बेलिब्रिज निर्माणका साथै रुप्सेखोला नजिकै सडक निर्माण र पहिरो पनि पन्छाउने सम्झौता भएको छ । विसं २०६४ मा जडान गरिएको महभिर र पोखरे बगरको बेलिब्रिज त्यहाँ पक्की पुल बनेपछि एक वर्षदेखि प्रयोगविहीन छ । सो मध्ये एक वटा बेनी–बगरफाँट र अर्को रुप्से खोलामा स्थानान्तरण गर्न लागिएको हो ।

पुलको अभावमा वर्खायाममा रुप्से खोलामा बाढी आउँदा मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने बेनी–जोमसोम सडकमा यातायात सेवा अवरुद्ध हुने गरेको छ । विसं २०७७ साउनमा बाढीले रुप्से खोलामा निर्माणाधीन पक्की पुलको संरचना बगाएपछि निर्माण रोकिएको छ ।

निर्माणका क्रममा रहेको रुप्से र मुस्ताङको खहरेखोलाको पुलको संरचनामा बाढीले तहसनहस बनाएपछि डिजाइन परिवर्तन गरेर दुरी बढाएर नयाँ प्रक्रियाबाट बनाउन पुरानो ठेक्का तोड्ने प्रक्रियामा रहेको बेनी जोमसोम कोरला सडक आयोजनाले जनाएको छ । ४० मिटर लम्बाइ भएको रुप्से खोलाको पुलको दुईतर्फ पिलर उठाएर ६६ प्रतिशत र ढलान गर्ने अवस्थामा रहेको ८५ प्रतिशत प्रगति भएको खहरेखोलाको पुलको जग नै खलबल्याउने गरी बाढीले बगाएपछि स्याम (लम्बाइ) बढाउन लागिएको छ । भूगोल र प्राकृतिक विपद्का कारण डिजाइन संशोधन, पुरानो ठेक्का तोडेर नयाँ ठेक्का प्रक्रिया सुरु गर्नुपर्ने भएको हो ।

# कृषि गाउँकी सङ्घर्षशील लक्ष्मी

रासस
बागलुङ, २३ फागुन

बागलुङ बजार नजिकैको चर्चित 'कृषि गाउँ' । 'बिजुली पावर हाउस' नामलाई बदलेर 'कृषि गाउँ' बनाउन पहल गर्ने व्यक्ति हुन् लक्ष्मी पुन थापा ।

विसं २०४० मा बागलुङको दक्षिण राङखानीमा जन्मिएकी लक्ष्मीको ९ कक्षामा पढ्दै गर्दा बिहे भयो । गाउँमै बोर्डिङ सञ्चालन गरेर प्रिन्सिपल रहेका पैयुँथन्थापका गङ्गाबहादुर थापासँग बिहे हुँदा लक्ष्मीको शर्त थियो प्रवेशीका परीक्षा (एसएलसी)सम्म माइतै बसेर पढ्ने । गङ्गाबहादुर र उहाँको परिवारले शर्त मञ्जुर गर्नुभयो र पालना पनि ।

लक्ष्मी र गङ्गाबहादुरको बिहे भएको केही समयमै देशमा सशस्त्र द्वन्द्व चर्कियो । गाउँमा बोर्डिङ सञ्चालन गर्न ग्राहो भएपछि लक्ष्मीका श्रीमान् गङ्गाबहादुर कुश्मिसेरा बजार झरेर कुखुरा पाल्न थाल्नुभयो ।

लक्ष्मीले एसएलसीको नतिजा प्रकाशन भएको समाचार रेडियोबाट सुन्नुभयो तर पास भएको समाचार भने कुश्मिसेराबाट केही दिनपछि श्रीमान्ले पठाएको चिठ्ठी पढेपछि मात्रै थाहा भयो ।

लक्ष्मीका श्रीमान्ले त्यहीँ चिठ्ठीमा केही दिनपछि लिन आउने र कुश्मिसेरा आएर प्लस टु पढ्नका लागि तयार भएर बस्नु भनेर लेख्नुभएको थियो । त्यो बेला गाउँको विद्यालयबाट कति जनाले एसएलसी दिए भन्ने लक्ष्मीलाई सम्झना छैन, तर पास भने आफू र आफ्ना देवरमात्र भएको सम्झना छ । केही दिनपछि लक्ष्मी र उहाँका देवरलाई लिन गङ्गाबहादुर घर पुग्नुभयो । प्लस टु पढ्न लक्ष्मी श्रीमान्सँग कुश्मिसेरा आउनुभयो । त्यो समयमा लक्ष्मीका श्रीमान्ले रु ४० हजार लगानी गरेर कुखुरा पाल्न सुरु गर्नुभएको थियो ।

प्लस टु पढ्दै गर्दा लक्ष्मीले छोरालाई जन्म दिनुभयो । हुर्केका कुखुरा र बारीमा फलेको तरकारी द्वन्द्वको समयका कारण बिक्री भएन । त्यसपछि लक्ष्मी नौ महिनाको छोरा काखमा च्यापेर श्रीमान्सहित बागलुङ बजार आउनुभयो । परिवारसहित सदरमुकाम आएपछि लक्ष्मी र गङ्गाले बागलुङ नगरपालिका–३ स्थित बिजुली पावर हाउस नजिकै आठ रोपनी जग्गा भाडामा लिएर तरकारी खेती गर्न सुरु गर्नुभयो ।

श्रीमान्ले रोजेको कृषिकर्ममा सहयोग गर्दै, छोराको हेरचाह गर्दै लक्ष्मीले स्नातक तह पनि उत्तीर्ण गर्नुभयो । कृषक परिवारबाट हुर्किएका गङ्गाबहादुरको लगाव माटोमै बढ्दै गयो । परिवारका जेठा छोरासँग विवाह भएकी लक्ष्मीलाई आफ्ना छोरासँगै देवर र नन्दहरूलाई समेत पढाउनु, बढाउनुपर्ने जिम्मेवारी थियो ।

आफू सरकारी जागिर खान्छु भनेर हिँड्दा श्रीमान्ले लिएको लक्ष्य प्राप्त गर्न कठिनाइ हुने लागेपछि लक्ष्मीले आफ्नो रहर कसैलाई नभनी माटोसँगै रमाउन थाल्नुभयो । देवर, देउरानी र परिवारका सदस्यको साथकै कारण आफ्ना श्रीमान् गङ्गाबहादुर नेपालकै पहिलोपटक कृषक परिचयपत्र प्राप्त गर्ने अगुवा कृषक बनेकामा लक्ष्मीलाई सबैभन्दा ठूलो खुसी मिलेको छ ।

श्रीमान्लाई साथ दिने अठोट लिएकी लक्ष्मीले डोकामा च्याउ बोकेर बागलुङमात्र होइन, पर्वत र म्याग्दी पनि पुगेर बेच्ने गरेको स्मरण गर्नुहुन्छ । "डोकामा च्याउका पोका पारेर पर्वत, म्याग्दीको बेनी पुगेँ, बागलुङ बजारमै ठेलामा डुलाइडुलाइ बेचेँ", लक्ष्मी भन्नुहुन्छ, "परिवारको खुसी नै सबैभन्दा ठूलो सन्तुष्टि हो ।" छोराको नामबाट राहुल कृषि फार्म दर्ता गरेर लक्ष्मी र गङ्गाबहादुरले च्याउखेती, तरकारी तथा फलफूलका बिरुवासमेत उत्पादन गर्दै आउनुभएको छ । पछिल्लो समय गङ्गाबहादुर गाउँ–गाउँमा कृषकलाई कृषि तालिम प्रदान गर्न हिँड्नुहुन्छ । फार्ममा लक्ष्मीका देवर-देउरानी हुनुहुन्छ । लक्ष्मी भने आफ्नो फार्ममा मात्र होइन, जिल्लाका अन्य कृषकले उत्पादन गरेका फलफूल तरकारी बेच्न किसान मार्ट सञ्चालन गर्नुभएको छ ।

# पराशर क्षेत्र संरक्षणमा कठिनाइ

पोखरापत्र संवाददाता
तनहुँ, २३ फागुन

धार्मिकस्थल महर्षि पराशर तपोभूमि एवं पराशर क्षेत्रको संरक्षणमा कठिनाइ भएको छ । दमौलीस्थित मादीसेतीको सङ्गमस्थल नजिकै यो क्षेत्र रहेको छ ।

धार्मिक क्षेत्रको संरक्षण गर्न कुनै पनि निकायले चासो नदिँदा पराशरको धार्मिक इतिहास भविष्यमा मेटिन सक्ने पराशर संरक्षण समितिका अध्यक्ष ताराप्रसाद श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार यहाँ बनाइएका योजना पूरा गर्न कुनै पनि निकायले चासो नदिँदा समस्या परेको हो । "पराशर क्षेत्र मादी नदीको किनारमा रहेकाले बाढीपहिराको जोखिममा छ, यो ठाउँ सुरक्षित राख्न विभिन्न निकायसमक्ष सहयोगको अपिल गरिए पनि सहयोग नपाउँदा सकस भएको छ", अध्यक्ष श्रेष्ठले भन्नुभयो । पराशर क्षेत्रका भौतिक संरचनाको संरक्षण गर्न मादी नदी किनारतर्फ पर्खाल र तारबार गर्न आवश्यक छ । "तर, यसको संरक्षणमा कुनै निकायको सहयोग छैन", उहाँले भन्नुभयो । पराशर क्षेत्रमा महर्षि वेदव्यास वेदविद्याश्रम (गुरुकुल संस्कृत विद्यालय) सञ्चालन गरिएको छ । "गुरुकुलको माथिल्लो तल्लामा ध्यान कक्ष बनाएर यहाँबाट संस्कार, संस्कृति र नैतिक शिक्षा प्रदान गर्ने स्थल बनाउने उद्देश्य पूरा हुनसकेको छैन", श्रेष्ठले भन्नुभयो । यहाँबाट दमौली तथा जिल्लाका बटुक बस्न तथा संस्कृत पठनपाठनका लागि नआउँदा यसको संरक्षण कठिन भएको बताइएको छ ।

सहजरूपमा पराशर पार्क पुग्न भोलुङ्गे पुल बनाइएको छ । पुलबाट दैनिक पर्यटकसँगै व्यास नगरपालिका–५ का पाटनवासीलाई दमौली बजारबाट सामान लिन आवतजावतमा सहज भएको छ । पराशर क्षेत्रको संरक्षण तथा पर्यटक आकर्षण गर्न पराशर क्षेत्रमा पार्क निर्माण थाले पनि अहिले अलपत्र छ । नगरपालिकाले सदरमुकाम दमौलीमा धार्मिक पर्यटक बढाउन पराशर पार्क निर्माण थालेको थियो । तर, अहिले काम अघि बढ्न सकेको छैन । चार वेद र १८ पुराणका रचयिता व्यासको पार्क नजिकै गुफामा जन्म भएको जनविश्वास छ । पराशर क्षेत्र परिसरमा नै सञ्चालनमा रहेको गुरुकुलसमेत पूर्णरूपमा बन्न सकेको छैन ।

# महिला स्वास्थ्य सम्मेलन हुँदै

रासस
काठमाडौं, २३ फागुन

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले महिला स्वास्थ्य सम्मेलन आयोजना गर्ने भएको छ ।

स्वास्थ्य सेवा विभागले आज यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा परिवार कल्याण महाशाखाका निर्देशक डा विवेककुमार लालले महिला स्वास्थ्यका देखिएका समस्या र ती समस्यालाई समाधान गर्नका लागि सम्मेलन आयोजना गर्न थालिएको जानकारी दिनुभयो । उहाँका अनुसार यही फागुन २५ र २६ गते सम्मेलन हुनेछ । सम्मेलन महिला स्वास्थ्यको बहुआयामिक विषयवस्तुमा केन्द्रित हुने उहाँको भनाइ छ । सम्मेलनमा यौन, तथा प्रजनन स्वास्थ्य र अधिकार, नसर्ने रोग, बालबालिका, किशोरीकिशोरी र ज्येष्ठ नागरिकको स्वास्थ्य, मानवीय सहयाता आवश्यकपर्ने अवस्थामा महिला स्वास्थ्य र पोषणसम्बन्धी विषयमा छलफल हुने उहाँले जानकारी दिनुभयो । विभागका महानिर्देशक डा दिपेन्द्ररमण सिंहले महिला स्वास्थ्यमा प्राप्त भएका उपलब्धि, चुनौती तथा अवसर, अन्वेषण विकसित घटनाक्रम र तथ्याङ्कको सम्मेलनमा छलफल हुने बताउनुभयो ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १६ सगरमाथा आदर्श समाज सडक निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नाम: सगरमाथा आदर्श समाज सडक निर्माण**
**स्थान: पोखरा–१६ लामाचौर, सगरमाथा टोल**
**योजना सम्झौता मिति : २०७९/०९/२२ गते**
**योजना सुरु भएको मिति : २०७९/०९/२७ गते**
**योजना सम्पन्न मिति: २०७९/११/१२ गते**
**योजनाको कुल लागत : रु. २२,२२,५१९.७५ ।–**
**महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.२०,००,००० ।–**
**जन सहभागितावाट : रु.२,२२,५१९.७५ ।–**
**उपभोक्ता समिति अध्यक्ष: महाप्रसाद गुरुङ**
**सम्पर्क: ९८०६६५६०६२**
**उपाध्यक्ष: याम बहादुर गुरुङ सचिव: विष्णुकुमारी रानामगर**
**कोषाध्यक्ष: दिल बहादुर गुरुङ**

**सगरमाथा आदर्श समाज सडक निर्माण उपभोक्ता समिति पोखरा–१६, लामाचौर**


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | सम्मान मिल्नेछ | तुला | शत्रुको भय |
| वृष | अप्रत्यसित लाभ | वृश्चिक | झमेला बढ्ने |
| मिथुन | आर्थिक समस्या | धनु | कार्यमा सफलता |
| कर्कट | मानसिक तनाव | मकर | मन चञ्चल |
| सिंह | शारीरिक झमेला | कुम्भ | सहयोग मिल्नेछ |
| कन्या | ब्यापारमा लाभ | मीन | सत्कार मिल्नेछ |


**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# दूधको उत्पादन बढाउन माग

**रासस**
बागलुङ, २३ फागुन

अधिकांश समय बागलुङ दूधमा आत्मनिर्भरजस्तै छ । तर सुक्खा मौसममा यहाँ केही दूध पोखराबाट ल्याउने गरिएको छ । भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको तथ्याङ्कानुसार बागलुङमा हरेक वर्ष दुई करोड ४९ लाख ९१ हजार लिटर दूध उत्पादन हुने गर्छ । तर अझै उत्पादन बढाएमा दूधको बिक्रीमा समस्या छैन ।

बागलुङ दुग्ध उत्पादक सहकारी सङ्घका अध्यक्ष दीपक गौतमका अनुसार शुद्ध दूध खानका लागि पुगेको जस्तो देखिए पनि दूधका परिकार बनाउने गरी उत्पादन छैन । जसका कारण मिठाइलगायतका परिकार बागलुङमा बन्दैनन् ।

बलेवा र कुश्मीसेरातर्फका केही किसानले पर्वतको कुश्मा लगेर दूध बेच्छन् । यी गाउँबाट सिधै पोखरा पनि दूध पठाउने गरिएको छ । पोखरा सिधै दूध पठाउँदा किसानले राम्रो मूल्य पाउँछन् । तर जिल्ला बाहिर जाने दूध पनि पर्याप्त छैन । दैनिक दुई-चार क्यान बेच्ने किसानले मेहनतअनुसारको कमाइ पाउन सकेका छैनन् । कतिपय ग्रामीण बजारमा दूध अभाव छ ।

कृषि मन्त्रालयको अध्ययनअनुसार एक जना मानिसलाई वार्षिक ९१ लिटर दूध आवश्यक पर्छ । राष्ट्रियरूपमा निकालिएको लक्ष्यको हिसाब गर्दा बागलुङमा भने प्रतिव्यक्ति ९३ लिटर पुग्ने गरी दूध उत्पादन भइरहेको छ । यहाँका कर्मचारी र बाहिरबाट आएर बस्ने विद्यार्थीसमेतको तथ्याङ्क जोड्दा त्यो अङ्क पुग्दैन । त्यसैले दूध उत्पादन बढाउनुपर्ने माग हुन थालेको छ ।

पोखरास्थित सुजल डेरीलेत बागलुङका कतिपय ग्रामीण क्षेत्रमा पुगेर दूध उत्पादन बढाउन माग गरिसकेको छ । "दूध किनेर हामी लैजान्छौँ, तपाईँहरू उत्पादन गर्नुहोस् भनेका छौँ", डेरीका सञ्चालक डा लक्ष्मणबहादुर ढकालले भन्नुभयो, "दूध उत्पादन गर्न सकेमा बिक्रीको समस्या छैन ।" शुद्ध दूधमात्र उत्पादन गरेर नपुग्ने भन्दै उहाँले दुग्धजन्य परिकारमा जानुपर्ने धारणा राख्नुभयो । डेरीको टोलीले जैमिनी नगरपालिकाका किसानसँग अन्तर्क्रिया गरेर दैनिक पाँच सय लिटरसम्म दूध पोखरा पठाइदिन आग्रह गरेको छ ।

पर्वतको लुङ्खुलगायतका क्षेत्रमा पनि दूध उत्पादन बढाउन सकेमा पोखरामा सहजै बिक्री गर्न सकिने गरी उद्यमीले खोजी गरेका छन् । स्थानीय किसानले पनि सोहीअनुसार उत्पादनको तयारी गरेको किसान विकास पौडेलले बताउनुभयो । "यसअघि सोझै बजार लैजाने समस्या थियो, सडकले सहज बनाएपछि किसान आकर्षित भएका छन्", पौडेलले भन्नुभयो, "व्यवस्थित कृषि फार्म चलाउन सकियो भने दूध बेच्न समस्या छैन ।"

जैमिनी नगरपालिका-१ का अध्यक्ष विष्णु आचार्यले नगर क्षेत्रभित्रका किसानलाई गाईभैँसी खरिदमा अनुदान बढाउन सकेमा दूध उत्पादन पनि बढ्ने बताउनुभयो । "धेरै दूध दिने गाईहरू भित्र्याएर नियमित सङ्कलन गर्दै बजार पठाउन सकियो भने किसान काम गर्न तयार छन्", उहाँले भन्नुभयो, "यो अवस्था आएमा पशुफार्मका लागि घाँसको व्यवस्थापनमा पनि पहल गर्छौं ।"

पछिल्लो समय आएको सुपर नेपयर घाँसले गाईको दूध उत्पादन क्षमता बढाउने, ब्याउने गाईको सुरक्षा हुनेलगायतको फाइदा आएको भन्दै पुराना घाँसभन्दा नयाँ लगाउन ढकालले सिफारिस गराउनुभएको छ । "किसानको तत्परता भयो भने प्रतिदिन १२ लिटर दूध दिने गाईलाई ३० लिटरसम्म पुऱ्याउन सकिन्छ", ढकालले भन्नुभयो, "फार्ममा पाल्ने तरिका फेर्दा पनि सुधार हुन्छ ।" ढकालका अनुसार सिमेन्टको भुइँ बनाउँदा गाईको खुट्टामा घाउ भएर दूध घटाउने गरेको, तनावका कारण गाई ब्याउने दर घटेको जस्ता अनुभव उहाँले सुनाउनुभयो । ग्रामीण क्षेत्रमा सिमेन्टको भन्दा माटोकै भकारोमाराख्न उहाँलेसुझाउनुभयो। बागलुङको ताराखोलामा लिमे र पाराकोटे जातको भैँसी संरक्षण अभियानले पनि दूध उत्पादनमा बढोत्तरी दिएको छ । तर सडक अभावले ताराखोलाका किसानले भने समयमा बजारमा दूध पठाउन नसकेको बताउनुभयो । "समयमै दूध बजार पुग्ने भए किसानले उत्पादन बढाउन चाहेका छन्", स्थानीय प्रमानन्द गौतमले भन्नुभयो, "उत्पादनलाई बजारीकरणमा राज्यले साथ दिनुपर्छ ।"

# तनहुँको अग्लो स्थानमा साहित्यिक तथा पर्यटन मेला

**पोखरापत्र संवाददाता**
दमौली, २३ फागुन

तनहुँको अग्लो स्थानमा रहेको छिम्केश्वरीमा साहित्यिक तथा पर्यटन मेला आयोजना गरिएको छ । समुद्र सतहबाट दुई हजार एक सय ३४ मिटर उचाइमा अवस्थित आँबुखैरेनी गाउँपालिका-५ छिम्केश्वरीमा फागुपूर्णिमाको अवसरमा साहित्यिक तथा पर्यटन मेला सम्पन्न भएको हो ।

'गण्डकी प्रदेशकै पर्यटकीय गन्तव्य छिम्केश्वरी जाऔँः राष्ट्रिय फूल लालीगुराँससँग होली मनाऔँ' भन्ने नाराको साथ आँबुखैरेनी वाङ्मय परिषद्को आयोजना, आबुखैरेनी गाउँपालिकाको संरक्षण, वडा नं ५ र छिम्केश्वरी युवा क्लबको सहआयोजनामा मेला सम्पन्न भएको हो ।

कार्यक्रममा गण्डकी प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री रेशमबहादुर जुग्जालीले छिम्केश्वरीको पर्यटन प्रवर्द्धनका लागि सरकारले सहयोग गर्ने बताउनुभयो । पर्यटनबाट समृद्धि सम्भव रहेकाले ग्रामीण पर्यटन प्रवर्द्धनमा स्थानीय सरकारको अभियानमा प्रदेश सरकारले साथ दिने उहाँले बताउनुभयो ।

आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले युवालाई स्थानीयस्तरमा उत्पादन गर्न जोड दिँदै उत्पादित वस्तुलाई बजारीकरण गर्न समस्या नहुने बताउनुभयो । छिम्केश्वरीको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित मेला आयोजना गरिएको आँबुखैरेनी वाङ्मय परिषद्का अध्यक्ष अनिल श्रेष्ठले जानकारी दिनुभयो । मेलामा स्थानीयस्तरमा उत्पादन भएका सामग्री बिक्रीका लागि स्टलमा राखिएको थियो । अन्य स्थानबाट आयात गरिएका सामग्री बिक्रीका लागि प्रतिबन्ध गरिएको मेलामा स्थानीय परिकार, उत्पादनको प्रदर्शनी र धनुषवाण, भाला, छेलो हान्ने खेल खेलाइएको थियो । स्थानीय तथा राष्ट्रिय कलाकारको प्रस्तुति र राष्ट्रिय कविको साहित्य वाचनले कार्यक्रममा रौनक थपेको थियो । त्यसक्रममा तीन हजारभन्दा बढी आन्तरिक पर्यटक छिम्केश्वरी उक्लिएका थिए । गण्डकी प्रदेश सरकारले घोषणा गरेको एक सय १० पर्यटकीय गन्तव्यको रूपमा सूचीकृत छिम्केश्वरी, यहाँ रहेको छिम्केश्वरी माई र छिम्कालेक मन्दिर, यहाँका धार्मिक तथा सांस्कृतिक रीतिरिवाजको प्रचार-प्रसार गर्ने उद्देश्य राखिएको छ ।

गोरखा मनकामनाकी दिदीका रूपमा पुजिँदै आएकी छिम्केश्वरीमाई मन्दिरमा पूजाआजा गरेपछि मनले चिताएको इच्छा पूरा हुने धार्मिक विश्वास छ ।

सात देवीमध्ये जेठी बूढीदेवीमाई र माइली छिम्केश्वरीमाई छिम्केश्वरीलेकमै अवस्थित छन् भने साइली गोरख कालीमाई, काइली मनकामनामाई, अन्तरी इच्छाकामनामाई, जन्तरी अन्नपूर्णामाई र कान्छी अकलामाईलाई सोही स्थलबाट दृश्यावलोकनसहित देख्न सकिन्छ । छिम्केश्वरीबाट धवलागिरि, अन्नपूर्ण, लमजुङ, मनास्लु, माछापुच्छ्रेलगायतका हिमाल आँखै अगाडि हेर्न सकिन्छ । गाउँपालिकाले छिम्केश्वरीमाई मन्दिरको पुनःनिर्माण गरेको छ । मन्दिर पुग्न गण्डकी प्रदेश सरकारको सहयोगमा पैदलमार्ग र रेलिङ निर्माण गरिएको छ । आर्थिक वर्ष २०७५/७६ मा रु ४१ लाख ६३ हजार सात सय छ को लागतमा चार सय ८६ मिटर ढुङ्गाको सिँढी निर्माण सम्पन्न भएको छ । आर्थिक वर्ष २०७६/७७ मा रु ३५ लाख ९९ हजार एक सय ४१ को लागतमा तीन सय पाँच मिटर ढुङ्गाको सिँढी र रेलिङ निर्माण सम्पन्न भइसकेको छ ।

# मल्कबाङमा स्वास्थ्यचौकी भवन

**पोखरापत्र संवाददाता**
म्याग्दी, २३ फागुन

म्याग्दीको धवलागिरि गाउँपालिका-५ मल्कबाङमा स्वास्थ्यचौकी भवन निर्माण भएको छ । पाँच वर्षअघि निर्माण सुरु भएको स्वाथ्य चौकीको भवनले पूर्णता पाएसँगै जीर्ण भवनबाट स्वास्थ्य सेवा प्रवाह गर्नुपर्ने बाध्यता हटेको छ ।

वर्ल्डवाइड मालीका भगवती जेभीले विसं २०७४ मङ्सिर २७ मा १८ महिनामा निर्माण सम्पन्न गर्ने गरी भ्याट बाहेक रु एक करोड ९० लाखमा स्वास्थ्यचौकी भवन निर्माण गर्ने ठेक्का सम्झौता गरेको थियो । निर्माण व्यवसायीको ढिलासुस्ती, कोरोना महामारी, निर्माण सामग्री ढुवानीमा भएको समस्या लगायतका कारण निर्धारित समयभन्दा ढिला गरी भवन निर्माण भएको सघन सहरी तथा भवन निर्माण आयोजना बागलुङले जनाएको छ । भवन निर्माण सम्पन्न भएपछि स्वास्थ्यचौकी व्यवस्थापन समितिका अध्यक्षसमेत रहनुभएका वडाध्यक्ष अमर छन्त्याल र स्वास्थ्यचौकी प्रमुख जगदेवी छन्त्याललाई भवन हस्तान्तरण गरिएको कार्यलयका इञ्जिनियर योगेन्द्र बास्ताकोटीले जानकारी दिनुभयो । उहाँका अनुसार, निर्माणधीन भवन परिसरमा निर्माण गर्न थालिएको खेलमैदानदेखि गएको पहिरोले स्वास्थ्यचौकी भवन जोखिममा परेपछि पक्की पर्खाल र ग्याबिन जाली लगाएर संरक्षणको काम गरिएको छ । अन्तिम पटक गत पुस मसान्तसम्मका लागि थप भएको समयसिमाभित्र निर्माण व्यवसायीले भवन निर्माण सम्पन्न गरेपछि कार्यालयको तर्फबाट जाँच गरिएको थियो । नवनिर्मित दुई तलाको १३ कोठे भवनमा बिरामीको उपचारका लागि शय्या, औषधि भण्डारण, कर्मचारी आवास, प्रशासन, तालिम हलका लागि छुट्टाछुट्टै कक्षको व्यवस्था छ। भवनको रङगरोगन गर्ने, फर्निचर, विद्युत्, पानी जडान, पर्खाल र घेराबार लगायतका काम सम्पन्न भएपछि नवनिर्मित भवनबाटै स्वास्थ्यचौकीको सेवा प्रवाह गर्ने तयारी गरिएको स्वास्थ्यचौकीका प्रमुख छन्त्यालले बताउनुभयो । यस स्वास्थ्य चौकीबाट करिब दुई सय ५० घरधुरीले स्वास्थ्य उपचार सेवा लिँदै आएका छन् । वडा नं ५ को मल्कबाङसँगै मलम्पार र भेडीखाल्टाका स्थानीयवासीले यस स्वास्थ्यचौकीबाट उपचार सेवा लिने गर्छन् । भवन निर्माणले दुर्गम बस्तीको रूपमा चिनिएको मल्कबाङको स्वास्थ्य सेवालाई थप व्यवस्थित र गुणस्तरीय बनाउन सहयोग पुग्ने वडाध्यक्ष अमर छन्त्यालले बताउनुभयो ।

"पूर्वाधार अभावमा जीर्ण कच्ची भवनबाट स्वास्थ्य सेवा दिनुपर्ने बाध्यता थियो, साँघुरो कोठाबाट सेवा लिँदा सेवासमेत प्रभावित बनेको थियो, अब नवनिर्मित भवनबाट सेवा प्रवाह गर्दा सेवाग्राहीलाई समेत सहज रूपमा स्वास्थ्य उपचार सेवा लिने सुविधा हुने अपेक्षा गरेका छौँ", स्वास्थ्यचौकी व्यवस्थापन समितिका अध्यक्षसमेत रहनुभएका वडाध्यक्ष छन्त्यालले भन्नुभयो ।



तातोपानी कुण्डमा स्नान गर्दै सर्वसाधारणः
म्याग्दीको बेनी नगरपालिका-४ मा रहेको प्राकृतिक तातोपानीको कुण्डमा स्नान गर्दै गरेका सर्वसाधारण । छाला र हाडजोर्नी, ग्याष्टिक, पिनास लगायतका समस्या भएकाहरुले तातोपानीमा स्नान गरेर प्राकृतिक उपचार गराउने गर्छन् । तस्बिरः कमल खत्री,रासस

# स्याङ्जा गल्याङ पोखरा सम्पर्क समाजको रक्तदान कार्यक्रम हुने

**रन्जिता आचार्य**
पोखरा, २३ फागुन

विभिन्न सामाजिक कार्यहरु गर्दै सवल र जिम्मेवारी समाज निर्माण कार्यमा अग्रसर रहँदै आएको स्याङ्जा गल्याङ पोखरा सम्पर्क समाजले फागुन २७ गते शनिबारका दिन रक्तदान कार्यक्रमको आयोजना गर्ने भएको छ ।

"रक्तदान जीवनदान, जीवनदान महादान" भन्ने मूल नारालाई आत्मासाथ गर्दै जिल्लामा कोही पनि रगत अभावका कारण ज्यान गुमाउन नपरोस् भन्ने लक्ष्यका साथ स्याङ्जा, गल्याङ पोखरा सम्पर्क समाज कास्कीले पहिलो पटक रक्तदान कार्यक्रमको आयोजना गरिनुका साथै रक्तदान कार्यक्रमबाट संकलित रगतले आवश्यकता भएका मानिसहरुको ज्यान जोगिने समाजका अध्यक्ष बुद्धि प्रसाद भण्डारीले जानकारी दिए ।

रक्तदान कार्यक्रमलाई भव्य र सभ्य रुपमा सफल बनाउन समाजले तिन सदस्यीय उप-समिति गठन गरेको छ । कविन्द्र देव खनालको संयोजक र सदस्यहरुमा विष्णु प्रसाद पौडेल, शोमनाथ न्यौपाने रहेका छन् । पोखरा, नागढुंगा स्थित बौद्धिक आयुर्वेद फर्माको प्राङ्गणमा हुने खुल्ला रक्तदान कार्यक्रममा विभिन्न संघ संस्था तथा महानुभावहरुलाई रक्तदान जस्तो पुणीत कार्यमा सहभागी भई पुण्य आर्जन गर्नुहुन समाजका सचिव ईश्वर प्रसाद भट्टराईले आग्रह गरेका छन् ।

साथै समाजमा आवद्ध साधारण सदस्य, आजीवन सदस्य तथा कार्यसमिति सदस्यहरुलाई स्वास्थ्य अनुकुल अनिवार्य रक्तदान गर्न आग्रह गरे । समितिले आफ्नो मातहतमा रहेका सम्पूर्ण सदस्यहरुले आआफ्नो ठाउँबाट रक्तदान कार्यक्रमको प्रचार गर्दै सहयोग गर्न समाजका उपाध्यक्ष विष्णु प्रसाद बस्यालले अपिल समेत गरेका छन ।

# एक शिक्षक एक ल्यापटप, कक्षाकोठामा स्मार्ट टिभी

**पोखरापत्र संवाददाता**
बागलुङ, २३ फागुन

अचेल विद्यालयको पठनपाठन प्रविधिको प्रयोगबाट सञ्चालन गर्ने चलन बढेको छ । कुनै समय खरिपाटीमा पढाउने शिक्षक अहिले ल्यापटपमा शैक्षिक सामग्री राखेर स्मार्ट टेलिभिजनबाट श्रव्यदृश्य सामग्री देखाएर पढाउन सक्ने भएका छन् । जिल्लाको बागलुङ नगरपालिका-९ स्थित सिगाना माध्यामिक विद्यालय तित्याङमा गत वर्षदेखि प्रत्येक कक्षामा स्मार्ट टिभी जडान गरेर शिक्षकले ल्यापटपको माध्यमबाट शिक्षण सिकाइ थालिएकोमा यसवर्ष सिगाना माध्यामिक विद्यालय लामिचौरमासमेत प्रविधिको माध्यमबाट शिक्षण सिकाइ थालिएको छ । नगरपालिकाको आर्थिक सहयोगमा विद्यालको सबै कक्षा कोठामा स्मार्ट टिभी जडान गरिएको छ भने शिक्षकलाई ल्यापटप प्रदान गरिएको छ ।

कक्ष ६ देखि १० सम्मका पाँच वटा कक्षा कोठामा ५५ इन्चको स्मार्ट टिभी जडान गरिएको छ । विद्यालयका शिक्षकलाई ल्यापटप वितरण गरिएको छ । शिक्षकले ल्यापटपमा भएको पाठ्य सामग्री स्मार्ट टिभीमा देखाउन सक्नेगरी प्रविधिको विकास गरिएको र विद्युत् नभएको अवस्थामासमेत पढाउनसक्ने व्यवस्था मिलाइएको सिगाना माध्यामिक विद्यालय लामिचौरका प्रधानाध्यापक चन्द्र मल्लले जानकारी दिनुभयो । ल्यापटपबाट विद्याथी पढाउन शिक्षकले तालिम लिइराखेको मल्लले जानकारी दिनुभयो । "केही शिक्षकले मात्रै ल्यापटप चलाउन जान्नुहुन्छ उहाँहरूले अहिले दिनको एउटा कक्षा प्रविधिको प्रयोगबाट लिइराख्नुभएको छ, अन्य शिक्षकले ल्यापटप चलाउन सिक्दै हुनुहुन्छ, एक शिक्षकले अर्को शिक्षकलाइसमेत सिकाउनुभएको छ", मल्लले भन्नुभयो । कम्तिमा दैनिक दुई पिरियड मात्रै भए पनि डिजिटल माध्यमबाट अध्यापन गराउन सकिन्छ भन्ने उद्देश्य राखिएको छ ।

नगरपालिकाको रु आठ लाखबाट विद्यालयको सिकाइ योजना प्रविधिमैत्री बनाइएको हो । अहिले ५५ इन्चको पाँच वटा स्मार्ट टिभी र आठ वटा ल्यापटप खरिद गरेर विद्यालयमा प्रविधिको माध्यमबाट सिकाइ कार्यको शुभारम्भ गरिएको हो । विद्यार्थी भन्दा गुणस्तर बढाउने तर्फ विद्यालयको ध्यान गएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष टीकाराम थापाले बताउनुभयो । विद्यालयमा हाल एक सय ४६ विद्यार्थी छन् । " बसाइँसराइले विद्यार्थी क्रमशः घट्दै छन् तर हामीले शैक्षिक गुणस्तर भने बढाउँदै लगेका छौँ", अध्यक्ष थापाले भन्नुभयो । यहाँ अधिकांश दलित समुदायका विद्यार्थी अध्ययनरत छन् । उनीहरूलाई थप आकर्षित गर्नका लागि नगरपालिकाको सहयोगमा एक शिक्षक एक ल्यापटप र कक्षाकोठामा स्मार्ट टिभि जडान गरिएको छ । विद्यालयको भौतिक सुरधारमासमेत अहिले व्यवस्थापन समिति लागेको छ । डिजिटल माध्यमबाट अध्यापन गराउदा विद्यार्थीमा सिकाइ उपलब्धि बढेर जाने र विद्यार्थीसमेत प्रविधिमा निपूर्ण हुने शिक्षकको भनाइ छ । विद्यालयमा कक्षाकोठा अभाव भए पनि दुईवर्ष अघि मात्रै स्थानीयसँग चन्दा उठाएर एक तला पक्की भवन निर्माण गरिएको थियो ।

यस्तै चालु आर्थिक वर्षमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत रु. ५० लाखमा चार कोठे सुविधा सम्पन्न विद्यालय भवन बनाउन सुरु गरिएको छ । चार कोठे विद्यालय भवन निर्माण पश्चात विद्यालयको कक्षाकोठाको समस्या समाधान हुनेछ भने विद्यालयको तारबार र प्रवेशद्वार निर्माण गरिने विद्यालयको लक्ष्य रहेको छ । बागलुङ नगरपालिकाले माध्यमिक विद्यालयमा एक ल्यापटप एक शिक्षक कार्यक्रम र स्मार्ट टिभी जडान कार्यक्रमलाई प्राथमिकतामा राखेको नगरपालिकाका उपप्रमुख राजु खड्काले बताउनुभयो ।